नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

परियोजना व्यवस्थापन इकाई
खुमलटार, ललितपुर

फोन नं.: ०१-५५२०३४६
इमेल :pmamp.pmu@gmail.com
वेभसाइट : www.pmamp.gov.np

प.स. ०७७/०७८(प्र.शा.)　　　　　　　　　　मितिः २०७७/०५/२३
च.नं. 226

विषयः- जानकारी सम्बन्धमा।

श्री प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन इकाई (५८)

प्रस्तुत विषयमा यस परियोजना व्यवस्थापन इकाईको मिति २०७७/०५/२२ गते परियोजना निर्देशकज्यूको अध्यक्षतामा बसेको आन्तरिक वैठकको निर्णयहरु आवश्यक जानकारीको लागि पठाईएको व्यहोरा अनुरोध।

.........
वैकुण्ठ अधिकारी
परियोजना निर्देशक

निर्णयहरु

१. परियोजना व्यवस्थापन इकाईवाट प्रथम चौमासिक अवधिमा सम्पादन गर्नुपर्ने कार्यक्रमहरु सम्वन्धमा, सम्वन्धित शाखाहरुले कार्यक्रम संचालनको पूर्व तयारी, लाभग्राहीहरुको यकिन, लागत अनुमान, सूचना प्रकाशन र सम्भावित मिति सहितको प्रस्ताव भाद्र महिना भित्र पेश गर्ने।

२. शाखा प्रमुखहरुलाई तोकिएको प्रदेश समन्वयको जिम्मेवारी अन्तर्गत आफ्नो प्रदेशका परियोजना कार्यान्वयन इकाईमा यस आर्थिक वर्षमा हालसम्म भएका गतिविधिहरु र पछिल्लो प्रशासनिक अवस्थाको वारेमा इकाई प्रमुखहरुसंग सन्चार सम्पर्क गरी पछिल्लो अवस्थाको बारेमा परियोजना निर्देशकलाई जानकारी गराउने।

३. परियोजना कार्यान्वयन इकाईहरुलाई हालको कोभिड-१९ को कारणवाट सिर्जित विषम परिस्थितिलाई मध्यनजर गर्दै कोभिड-१९ को प्रोटोकल र सुरक्षाका उपायहरु अवलम्वन गरी प्रथम चौमासिक अवधिमा सम्पादन गर्नुपर्ने कार्यक्रमहरुको तयारी सम्वन्धमा तपिसिल बमेजिम गर्न पत्राचार गर्ने।

- कृषक समुह/सहकारी/नीजि उद्यमी लगायत अन्य सेवाग्राहीहरुलाई सूचिकृतको लागि सूचना प्रकाशन, स्थानीय एफ.यमवाट प्रसारण गर्ने व्यस्था मिलाउने।
- कृषक समुह/सहकारी/नीजि उद्यमी लगायत अन्य सेवाग्राहीहरुलाई कार्यक्रममा सहभागिताको लागि सूचना प्रकाशन गर्ने सम्वन्धमा अनुदानका कार्यक्रम वाहेक अन्य कार्यक्रमलाई विद्यमान कार्यविधि, खरिद ऐन, नियमावली, नर्म्स आदिको आधारमा गर्ने र अनुदान उपलव्ध गराउने कार्यक्रमको सम्वन्धमा अनुदानको अनुपात पछि निर्धारण गर्ने गरी सूचना प्रकाशन गर्ने व्यवस्था मिलाउने।
- जिल्लाको आवागमनको अवस्थालाई मनन् गरी सेवाग्राहीहरुलाई आवश्यक प्राविधिक सेवा/टेवा उपलव्ध गराउने।
- परियोजना कार्यान्वयन म्यानुअल स्वकृतीको चरणमा रहेको र प्रथम चौमासिक अवधिमा सम्पादन गर्नु पर्ने कार्यक्रमहरुको सन्दर्भमा, कार्यक्रमहरु संचालन पूर्व गर्नु पर्ने तयारी कार्यस्थल, स्थानीय निकाय र अन्य सरोकारवालाहरुको समन्वयमा लाभग्राही छनौट, विज्ञ/परामर्शदाताहरुको सेवा लिनु पर्ने अवस्थामा सेवा सम्वन्धी शर्तनामा (Terms of Reference) ,प्राविधिक स्पेशिफिकेशन सहितको लागत अनुमान तयारी, क्षेत्र विस्तारसँग सम्वन्धित कार्यक्रम

संचालनको लागि आवश्यक बीउ, विजन, विरुवा, माछा भुरा, पशु नश्ल आदिको श्रोतकेन्द्रको यकिन जस्ता प्रारम्भिक कार्यहरु गर्ने।

- परियोजना कार्यान्वयन इकाईवाट हालसंम्म संचालित कार्यक्रमहरुको तथ्याङ्क सङ्कलन, विवरण अध्यावधिक, सूचना सङ्कलन र कार्यक्रमहरुको नियमित अनुगमन गर्ने।

४. परियोजना कार्यान्वयन इकाईहरुले आफ्नो इकाई अन्तर्गतका कार्यालयहरुको हालको जनशक्तिको विवरण भाद्र २५ गते भित्र परियोजना व्यवस्थापन इकाईमा उपलव्ध गराउने व्यवस्थाको लागि प्रशासन शाखाले पहल गर्ने। परियोजना कार्यान्वयन इकाईका प्रमुखहरुले जिल्ला वा कार्य क्षेत्र वाहिर जानु पर्दा परियोजना निर्देशकवाट काज वा विदा पूर्व स्विकृत गराएर मात्र जिल्ला छोड्नु पर्ने।

५. प्रथम चौमासिक अवधिमा पकेट, ब्लक कार्यक्रम अन्तर्गत सम्पन्न गर्नुपर्ने कार्यक्रमहरुको सम्बन्धमा परियोजना कार्यान्वयन म्यानुअल स्वीकृतिको चरणमा रहेको सन्दर्भमा, परियोजना कार्यान्वयन इकाई, प्रदेश अन्तर्गतका जिल्लास्थित निकाय र स्थानिय तहको कार्यगत समन्वयमा म्यानुअलमा प्रस्ताव गरिए वमोजिमका प्रकृया र विधि अवलम्बन गरी कार्यक्रम सञ्चालन गर्ने, गराउने।

६. परियोजना व्यवस्थापन इकाई र परियोजना कार्यान्वयन इकाईमा रिक्त रहेका प्राविधिक र प्रशासन तर्फका कर्मचारीहरुको विवरण तयार गरी पदपुर्ति र व्यवस्थापनको लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा अनुरोध गर्ने।

७. परियोजना कार्यान्वयन इकाईबाट पत्राचार, अध्ययन प्रतिवेदन, प्रगति प्रतिवेदन लगायतका डकुमेन्ट तयार गर्दा देहाय वमोजिम गर्नु हुन जानकारी गराईन्छ।

- विषयवस्तु सिलसिलावर रुपमा सिधा, स्पष्ट र सरल शौलीमा प्रस्तुत गर्ने।
- सरकारी कामकाजको लागि प्रयोग गरिने नेपाली तोकिएको फन्ट (कालिमाटी) प्रयोग गर्ने।
- शुद्धाशुद्धिमा ध्यान दिने र उपयुक्त फरम्याटिङ्गको प्रयोग गर्ने।